२०८० चैत्र १३ गते तदनुसार March 26, 2024 मंगलबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. रासायनिक मल खरिद/बिक्री निवेदन पेश गर्ने सम्बन्धमा ।

२. अध्ययन बिदा स्वीकृत सम्बन्धमा ।

३. सुपरीवेक्षक तोक्ने सम्बन्धमा ।

४. स्थायी कार्यालय दर्ता सम्बन्धमा ।

५. स्थायी पद दर्ताको लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा ।

६. कृषि बिउ वृद्धि कार्यक्रम अन्तरगत अपुग रकम सम्बन्धमा ।

७. शिक्षण सिकाइ क्रियाकलाप अन्तरगत बजेट निकासा सम्बन्धमा ।

८. भवनको स्वामित्व ग्रहण सम्बन्धमा ।

९. विभिन्न खेलकुद प्रतियोगितामा सहभागि बजेट खर्च गर्ने सम्बन्धमा ।

१०. एम्बुलेन्सको रंग रोगन तथा एस्सेसोरिज जडान खर्च भुक्तानी सम्बन्धमा ।

११. जग्गा वर्गीकरण सम्बन्धमा ।

१२. वडा कार्यालय निर्माणको बाँकी रकम सम्बन्धमा ।

१३. अनुमति प्रदान गर्ने सम्बन्धमा ।

१४. वडाको जग्गा रजिष्ट्रेसन पास सम्बन्धमा ।

१५. जेष्ठ नागरिक स्वास्थ्य शिविर कार्यक्रम सम्बन्धमा ।

१६. निशुल्क जग्गा रजिष्ट्रेसन पास सम्बन्धमा ।

१७. पानी तथा खेलकुद प्रचार प्रशार कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

१८. आवास निर्माणको भुक्तानी सम्बन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिकामा सञ्चालित सहकारीहरुलाई रासायनिक मल खरिद तथा विक्री गर्नको लागि ईच्छुक भए सम्वन्धित कागजात सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन माग गर्ने र पुन प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-२: यस गाउँपालिकाको वडा नं. ४ को स्वास्थ्य चौकी केत्तुकेमा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री उमेश कुमार तामाङ्ग (कसंनं २१९२२४) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको मिति २०८०/०८/२६ को चलानी नम्वर १२५९ को पत्रानुसार पूर्व स्वीकृती प्राप्त गरी चिकित्सा शिक्षा आयोगको स्नातकोत्तर तह अन्तरगत MPH विषयको प्रवेश परीक्षा उतीर्ण भइ Central Department of Public Health of Medicine, Tribhuwan University मा भर्ना सिफारिस भएको साथै "स्वास्थ्य सेवा नियमावली, २०५५" को नियम नं. ५३ तथा कोशी प्रदेश सरकारले जारी गरेको "स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०" को दफा १२० अनुसार विदा स्वीकृत पाउँ भनी निवेदन पेश भइ आएको हुनाले निजको विदा "स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८०" को दफा १२४ उपदफा 'क' अनुसार अध्ययन विदा र असाधारण विदा गाउँ कार्यपालिकाले स्वीकृत गर्ने व्यवस्था बमोजिम MPH कोर्स अवधिभर मिति २०८१/०१/०१ देखी २०८२/१२/३० सम्म तलवी विदा आजको कार्यपालिका बैठकवाट स्वीकृत गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं.-३: प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको साँझेदारीमा वडा नं. ५ मानेभन्ज्याङमा सञ्चालित "कृषि नर्सरी तथा आय आर्जन प्रमरोका साझेदारी" योजना प्रभावकारी रुपमा सञ्चालनका लागि यस पालिकाको कृषि शाखामा कार्यरत कृषि अधिकृत सन्तोष थापालाई सुपरीवेक्षकको रुपमा तोक्ने साथै निजलाई कार्यस्थलमा खटाइएका श्रमिकको नियमित सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने जिम्मा समेत दिने निर्णय गरियो ।

निर्णय नं.-४:मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.नं.१२३० मिति २०८०।११।१५ गतेको प्राप्त पत्रमा उल्लिखित वुदा नं. १ (ख) बमोजिम स्थायी कार्यालय (मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुंगा) दर्ता गर्नको लागि प्रदेश किताबखानामा पठाउने निर्णय गरियो।

निर्णय नं. ५: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.नं.१२३० मिति २०८०।११।१५ गतेको प्राप्त पत्रमा उल्लिखित वुँदा नं.२ (ख) अनुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ वमोजिम यस मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना र दरवन्दी विवरणमा थप सृजना, पुनरावलोकन वा हेरफेर गर्न आवश्यकता नभएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत भई हाल कायममा रहेको संगठन संरचना र दरवन्दीमा उल्लिखित सेवा समुह तथा तह र पदनाम ऐ.ऐनको दफा ७ को उपदफा (२)

वमोजिम यस कार्यालयको तपसिलमा उल्लिखित स्थानीय सरकारी सेवाको पदहरूको सेवा समुह उपसमूह तथा तह सम्वन्धी विवरण दर्ताको लागि प्रदेश किताबखानामा पठाउने निर्णय गरियो।

| क.स. | पदको नाम | श्रेणी तह | सेवा | समूह | उपसमूह | साविक पद | थप | घट | खुद कायम | पद संकेत नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | | |
| २. | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | | १ | |
| ३. | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | | १ | |
| ४. | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| ५. | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | | २ | |
| ६. | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| ७. | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | | ४ | |
| ८. | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ | | | १ | |
| ९. | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| १०. | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | | १ | |
| ११. | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | | १ | |
| १२. | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | | १ | |
| १३. | अ.सब.इन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | | १ | | | १ | |
| १४. | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | | १ | |
| १५. | खा.प.स.टे. | चौथो/पाँचौ | इन्जिनियर | सिभिल | | १ | | | १ | |
| | | | | | जम्मा | १९ | | | १९ | |
| वडा कार्यालय (९ वटा) | | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | | ४ | |
| २. | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ४ | | | ४ | |
| ३. | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | | | ५ | |
| ४. | अ.सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | | | २ | |
| | | | | | जम्मा | १८ | | | १८ | |
| स्वास्थ्य चौकी तर्फः | | | | | | | | | | |
| १ | अधिकृत | ६ औं | स्वास्थ्य | हे.इ. | | ८ | | | ८ | |
| २. | सहायक | ५ औं | स्वास्थ्य | हे.इ. | | ८ | | | ८ | |
| ३. | सहायक | ५ औं | स्वास्थ्य | क.न. | प.हे.न. | ६ | | | ६ | |
| ४. | सहायक | चौथो | स्वास्थ्य | हे.इ. | | ८ | | | ८ | |
| ५ | सहायक | चौथो | स्वास्थ्य | क.न. | प.हे.न. | ८ | | | ८ | |
| | | | | | जम्मा | ३८ | | | ३८ | |

CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि सेवा(कृषि) तर्फ | | | | | | | | | | |
| १. | अधिकृत | ७/८औं | कृषि | | | १ | | | १ | |
| २. | सहायक | पाँचौ | कृषि | | | २ | | | २ | |
| ३. | सहायक | चौथो | कृषि | | | १ | | | १ | |
| | | | | | जम्मा | ४ | | | ४ | |
| कृषी तथा पशुसेवा (भेट) तर्फ | | | | | | | | | | |
| १. | अधिकृत | ९/१०औं | कृषि | ला.पो.डे.डे. | | १ | | | १ | |
| २. | सहायक | पाँचौ | कृषि | भेटेरिनरी | प.स्वा.प्रा. | १ | | | १ | |
| ३. | सहायक | पाँचौ | कृषि | ला.पो.डे.डे. | | १ | | | १ | |
| ४. | सहायक | चौथो | कृषि | भेटेरिनरी | ना.प.स्वा.प्रा. | १ | | | १ | |
| ५ | सहायक | चौथो | कृषि | ला.पो.डे.डे. | ना.प.से.प्रा | १ | | | १ | |
| | | | | | जम्मा | ५ | | | ५ | |
| | | | | | कुल जम्मा | ८४ | | | ८४ | |

**निर्णय नं.-६:** कृषि विकास शाखाको वार्षिक विउ वृद्धि कार्यक्रम अन्तरगत विनियोजित बजेट रु. २,००,०००/- (अक्षरुपी दुई लाख) मात्र वाट विभिन्न अन्न, तेलहन तथा नगदेवालीको विउ विजन खरिद गर्ने क्रममा रु.५२,०००/- (अक्षरुपी वाउन्न हजार मात्र) अपुग भएकोले कृषि शाखाकै वजेट शीर्षक आकस्मिक कार्यक्रमको रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) वाट ५२ हजार बिउ बृद्धी कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.-७:** विभिन्न विद्यालयहरुलाई विनियोजन भएको **शिक्षण सिकाई क्रियाकलाप** शीर्षक अन्तरगतको वजेट एकमुष्ट रुपमा विद्यालयको खातामा शिक्षा शाखाको सिफारिसमा निकासा गरिदिने साथै सो रकमको वील भर्पाई तथा खर्चको प्रतिवेदन चालु आ.व.को अवधिभित्रै सम्वन्धित शाखामा पेश गर्ने ।

**निर्णय नं.-८:** मानेभन्ज्याङ गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजना आ.व. २०८०/८१ को मिति २०८०/०९/०४ गते सम्पन्न भइ निर्माण व्यवसायी मार्फत सम्पन्न भएको जानकारी प्राप्त भएको साथै भवनको प्राविधिक मूल्याङ्कन तथा अनुगमन गर्दा समेत Revised BOQ अनुसारको कार्य भैसकेकोले उक्त भवन यस गाउँपालिकाले यहि मिति २०८० साल चैत्र २४ गते बुझिलिने निर्णय गरियो ।

**निर्णय नं.-९:** यस गाउँपालिकावाट चालु आ.व.मा विनियोजित विभिन्न खेलकुद प्रतियोगिता सहभागी खर्च शीर्षकको बजेट खर्चको व्यवस्थापन तथा खर्चको पेश्की/शोध भर्ना लिने अख्तियारी शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख भरत खतिवडालाई दिने निर्णय गरियो ।

**निर्णय नं.-१०:** ओखलढुङ्गा सेवा समाज दक्षिण कोरिया तथा यस गाउँपालिकाको आ.व. २०७९/८० मा विनियोजित वजेटवाट खरिद भएको एम्वुलेन्स चालु आ.व.मा प्राप्त भएको तथा चालु आ.व. मा एम्वुलेन्स शीर्षकमा थप वजेट विनियोजन नगरिएकोले प्राप्त एम्वुलेन्सको रंग रोगन तथा एस्सोसोरिज जडान सम्वन्धी कार्य गर्नको

CamScanner

लागि यस गाउँपालिकाले चालु आ.व. मा विनियोजन गरेको सवारी साधन मर्मत खर्च वजेट शीर्षकबाट आवश्यक कागजातको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-११:** यस मानेभन्ज्याङ गाउँपालिकाभित्रको जग्गाहरुलाई व्यवस्थित गर्न तथा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको परिपत्र तथा भूउपयोग ऐन, २०७६ र नियमावली २०७९ अनुसार जग्गा वर्गीकरण कार्यलाई कार्यान्वयन गर्न परामर्श सेवादातावाट परामर्श लिइ गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१२:** यस मानेभन्ज्याङ गाउँपालिकाको चालु आ.व. को वडा कार्यालय भवन निर्माण योजनाको ठेक्का सम्झौता भइ बाँकी रहेको ४० लाख बराबरको रकम प्रत्येक वडालाई १० लाख बराबरको दरले तपसिल वमोजिको कार्य गर्न बोलपत्र आब्हान गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**तपसिल:**

क. वडा नं. १ : सडक निर्माण तथा ग्याविन वाल निर्माण

ख. वडा नं. २,६,८ :घेरावार तथा ग्याविन वाल निर्माण

**निर्णय नं.-१३:** प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालय, कोशी प्रदेश, ओखलढुङ्गा नेपालको मिति २०८०/०५/३१ गते जारी भएको कार्यदिश वमोजिम ठेक्का नं. UDBO/OKHAL/W/NCB/15/079-080 Construction of Urban Development Building Office (Office Building), Okhaldhunga कार्यको लागि श्री Chandrajyoti/Sirjanshil JV, Baneshwor र शहरी विकास तथा भवन कार्यालय, ओखलढुङ्गावीच सम्झौता भइ मिति २०८०/०५/३१ वाट नै काम सुरु भएको तर निर्माण सामग्री गिटी, वालुवा, रोडा लगायतका सामग्री अभाव भएको भनि प्राप्त पत्रानुसार यस गाउँपालिकाको वडा नं. ६ स्थित जयरामघाटमा रहेको क्रसर प्लान्ट श्री सिंकमान मगरका नाती खम्व वहादुर मगरका छोरा राम बहादुर मगरकी श्रीमती भद्रमाया मगरका नाममा रहेको कित्ता नं. ४९९ को ९ रोपनी जग्गामा क्रसर सञ्चालन गरी आयोजनाको लागि मात्र तथा अन्यत्र विक्री वितरण गर्न नपाइने गरी क्रसर सञ्चालनग गर्न Chandrajyoti/Sirjanshil JV, Baneshwor लाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.-१४:** यस गाउँपालिकाको आ.व.२०८०/८१ को गाउँसभावाट वडा नं. ७ को हर्कपुरमा **खेल मैदान निर्माण जग्गा खरिद** शीर्षकमा वजेट विनियोजन भएकोले जग्गा रजिष्ट्रेसन निशुल्क पासको लागि मालपोत कार्यालय, ओखलढुङ्गामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१५:** यस गाउँपालिकाको विभिन्न वडाहरुमा मिति २०८० साल चैत्र २५ गतेदेखी जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१६:** यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. १ मोली (साविक मोली गाविस वडा नं. ३) वस्ने श्री वल वहादुर राईको नाती तथा श्री भुपराज राईको छोरा श्री केन्द्र विक्रम किरातीले आफ्नो नाममा रहेको जग्गा कित्ता नं. ८८६ वाट कित्ताकाट गरी कुल क्षेत्रफल मध्येवाट आवश्यक जग्गा वडा कार्यालय मोलीलाई निशुल्क प्रदान गर्ने भनि निवेदन प्राप्त भएकोले आजको कार्यपालिका वैठकवाट सो आवश्यक क्षेत्रफल

वरावरको जग्गा १ नं. वडा कार्यालय मोलीको नाममा निशुल्क रुपमा राजिष्ट्रेसन पास गर्नको लागि जिल्ला मालपोत कार्यालय, ओखलढुङ्गालाई सिफारिस गर्ने निर्णय पारित गरियो ।त्यस्तै,

यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. २ वाक्सा (साविक वाक्सा गाविस वडा नं. ५) वस्ने श्री वालानन्द राईको नाती तथा श्री चैन वहादुर राईको छोरा श्री राममणी राईले आफ्नो नाममा रहेको जग्गा कित्ता नं. ५८०, ४६१ वाट कित्ताकाट गरी कुल क्षेत्रफल मध्येवाट २-०-०-० क्षेत्रफल भएको जग्गा २ नं. वडा कार्यालय वाक्सालाई निशुल्क प्रदान गर्ने भनि निवेदन प्राप्त भएकोले आजको कार्यपालिका वैठकवाट सो क्षेत्रफल वरावरको जग्गा वडा कार्यालय, वाक्साको नाममा निशुल्क रुपमा राजिष्ट्रेसन पास गर्नको लागि जिल्ला मालपोत कार्यालय, ओखलढुङ्गालाई सिफारिस गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.-१७:** यस कार्यालयको कार्यालय प्रयोजन तथा विभिन्न कार्यक्रमहरुको लागि युनाइटेड सप्लायर्स ओखलढुङ्गावाट खरिद गरिएको पानी वापतको खर्च पानी खरिद शीर्षकवाट भुक्तानी गर्ने तथा यस गाउँपालिकामा सञ्चालन भएको विभिन्न खेलकुद कार्यक्रमको प्रचार प्रशार तथा प्रत्यक्ष प्रशारण वापतको सम्झौता बमोजिमको प्रचार प्रशार खर्च कार्यालयको पत्रपत्रिका तथा सूचना प्रकाशन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१८:** यस गाउँपालिकाको वडा नं. १ मोलि स्थायी निवासी श्री छलमाया वस्नेत र अमृत वहादुर राईले राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणवाट आवास निर्माणको लागि रु. ५० हजार प्रथम किस्ता निकासा लिइसकेको तर बाँकी किस्ता प्राधिकरणवाट भुक्तानी नभएको र हाल चालु आ.व.मा १ नं. वडा कार्यालयवाट निजहरुलाई बाँकी किस्ता रकम भुक्तानीको लागि बजेट विनियोजन गरिएकोले प्राविधिक स्टिमेट बमोजिमको कार्य सम्पन्न विल अनुसारको रु. २ लाखको दरले निकासा भुक्तानी दिने निर्णय गरियो ।

CamScanner